# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

## चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री लिशा नकर्मी

सदस्य : श्री माधव के.सी.

सदस्य : श्री सुरेन्द्र के.सी.

**बाट भएको निर्णय**

निर्णय नं. : ३०

**निवेदक/वादीको नाम, थर, ठेगाना**

नरबहादुर थापाको नाति बलबहादुर थापाको छोरा काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने वर्ष ६२ को कृष्णबहादुर थापा (क्षेत्री) ............................................ १

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

बलबहादुर थापाको नाति आत्माराम थापाको छोरा का.जि. चन्द्रागिरि नगरपालिका वडा नं. १५ बस्ने वर्ष ३३ को राजेन्द्र थापा ............................... १

**कागज प्रमाण**

क) नागरिकता प्रमाणपत्रको फोटोकपी थान १

ख) ज.ध.प्रमाण पूर्जाको फोटोकपी थान .....१

ग) सम्पत्ति/मालपोत तथा भूमिकर रसिदको फोटोकपी थान ............................. १

घ) अंशबण्डा लिखतको प्रमाणित प्रति थान १

ङ) नक्साको फोटोकपी थान.................. १

**कागज प्रमाण**

क) राजेन्द्र थापाको नाउँको नागरिकता प्रमाणपत्रको फोटोकपी थान ........... १

ख) मिना थापाको नाउँको नागरिकता प्रमाणपत्रको फोटोकपी थान ........... १

ग) महालक्ष्मी थापाको नाउँको नागरिकता प्रमाणपत्रको फोटोकपी थान ........... १

न्यायिक समितिबाट बुझेको साक्षी ................

**प्रमाणहरू :**

१) कि.नं. ४६७ र ४६९ मालपोत श्रेस्ता प्रमाणित थान ........................................... १

२) अजिता घिमिरेको नामको श्रेस्ता प्रमाणित थान ................................................ १

३) वनवारी प्रसाद शाहको नामको श्रेस्ता प्रमाणित थान ......................................... १

४) धिरज गमालको नामको श्रेस्ता प्रमाणित थान .................................................. १

१

५) शारदा अर्याल (ज्ञवाली)को नामको श्रेस्ता प्रमाणित थान ............................ १

६) कुसुमदेवि कानु नामको श्रेस्ता प्रमाणित थान ........................................ १

७) आत्माराम थापा नामको श्रेस्ता प्रमाणित थान ........................................ १

**मुद्दा : जग्गाको खिचोला मेटाई सिमानामा पर्खाल लगाउन पाउँ ।**

**मु नं. : ३७**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. विपक्षी राजेन्द्र थापा र म वादी नाताले काका र भतिजा हौं । बुबा बलबहादुर थापाको मृत्युपछि आमा नन्दकुमारी थापाको नाममा मालपोत कार्यालय, कलंकी, काठमाडौँमा दर्ता प्रमाणित रहेको जि.काठमाडौं, तीनथाना वडा नं. ९ साविक कित्ता नं. ६४ को क्षेत्रफल २-८-०-० जग्गा कित्ताकाट गर्दाका बखत ट्रायल चेक गर्दा ०-३-२-० जग्गा बढ कायम भई म निवेदक कृष्णबहादुर थापालाई पूर्वतर्फ कित्ता नं. २९७ को क्षेत्रफल १-७-१-० र निज विपक्षीका बाबु तथा मेरो भाइ आत्माराम थापालाई पश्चिम तर्फबाट कित्ता नं. २९८ को क्षेत्रफल १-४-१-० जग्गा मिति २०४९/०३/०२ मा अंशवण्डा गरी लिई आआफ्नो भागको अंश बुझि दिए लिएका थियौं ।

२. र.नं. ३७३ मिति २०४९/०३/०२ को अंशवण्डा बमोजिम हामी आमा, दाजु र भाइ ३ जना छुट्टी भिन्न हुँदा कायम भई आमा नन्दकुमारी थापाको नाममा नगदै अंश राखी हामी दाजु भाइले अचल सम्पत्ति आफ्नो भागको अंश भाग बुझि लिएका थियौं ।

३. कित्ता नं. २९८ को क्षेत्रफल १-४-१-० जग्गा कित्ताकाट गरी कित्ता नं. ३५४ र ३०६ विक्री गरी कित्ता नं. ३५५ राजेन्द्र थापा समेतको नाममा बाँकी रहेको थियो ।

४. म निवेदकको नाममा कायम कित्ता नं. २९७ मा साविकै देखि घर निर्माण गरी मेरो परिवारको बसोवास रहेकोमा मिति २०७२ सालको महाभूकम्पले घर भत्केको थियो ।

५. २०७२ सालको भुकम्पले घर भत्केपछि उक्त मेरो नामको कित्ता नं. २९७ को जग्गाको घडेरी सम्याउँदा निज विपक्षी राजेन्द्र थापाको कित्ता नं. ३५५ मा रहेको घरमा क्षति नपुगोस, विपक्षीको घर नभत्कियोस भन्ने असल मनसायले निजको कित्ता नं. ३५५ को सिमाना तर्फ अर्थात् मेरो कित्ता नं. २९७ को पश्चिमतर्फ मैले मेरो ३ (तीन) फिट जग्गा खाली राखी सम्याएको थिएँ ।

६. स्थानीय तहबाट इजाजत लिई घर निर्माण गर्दा समेत मेरो कित्ता नं. २९७ को पश्चिमतर्फ ३(तीन) फिट जग्गा खाली राखी घर निर्माण गरेको कुरा घरको नक्साबाट समेत पुष्टि हुन्छ ।

७. हाल घर निर्माण सम्पन्न गरी मेरो जग्गाको सिमानामा पर्खाल लगाउन खोज्दा निज विपक्षीले भत्काउने, फेरी बनायो भने जे पनि हुन सक्छ भनि धम्क्याउने, सिमानामा किचलो गर्ने, गाली गलौज जस्तो अवाञ्छित र गैर कानुनी कार्य गर्दै आएका छन् ।

८. मैले मेरो कित्ता नं. २९७ को पश्चिम तर्फ छोडेको जग्गा मेरै नाप नक्सा तथा दर्ता श्रेस्ता भित्रको जग्गा हो । सो जग्गाको मैले सम्बन्धित निकायमा तिरो तिरान गर्दै आएको छु र अविछिन्न रुपमा हकभोग गर्दै आएको विषयमा समेत कुनै विवाद छैन ।

९. मेरो कित्ता नं. २९७ भित्र पश्चिम तर्फ छोडेको जग्गा विपक्षी राजेन्द्र थापाको नाप नक्सा भित्र पर्ने होइन र सार्वजनिक बाटो प्रयोजनको लागि समेत खाली छोडेको होइन र बाटो प्रयोजनको लागि समेत कहिं कतै कुनै प्रकारको मञ्जुरी वा लिखत गरिदिएको छैन । साथै उक्त ३(तीन) फिट जग्गा विपक्षी राजेन्द्र थापाको नाप नक्सा भित्र पर्ने जग्गा पनि होइन । हाल निज विपक्षीले उक्त ३(तीन) फिट जग्गा मेरो हो भनि कुनै कानुनी आधार बिना गैर कानुनी दावी गरी खिचोला गरेकोले खिचोला मेटाई पाउँ ।

१०. हाल आफ्नै नाप नक्सा तथा दर्ता श्रेस्ता पूर्जा भित्रको जग्गाको सिमानामा पर्खाल लगाउन खोज्दा निज विपक्षी राजेन्द्र थापाले पर्खाल भत्काई दिई खिचोला गरेकोले सो खिचोला मेटाई कम्पाउण्ड वाल लगाउने गरी आवश्यक निर्णय गरी पाउँ भन्ने मागदावी रहेको ।

**<u>प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा</u>** :

१) विपक्षीले निवेदनमा उल्लेख गरे बमोजिम नातामा कुनै विवाद छैन । जहाँसम्म विपक्षी र मेरो बुबा बीच २०४९/०३/०२ मा अंशवण्डा भई आआफ्नो भोगचलन गरी आएकोमा मेरा बुबा आत्माराम थापाको २०६५ सालमा निधन भई सोको हकवाला आमा सहित हामी ४ जना अंशियार विच मुल कित्ता ४६९ बाट कित्ताकाट भई मेरो नाउँको कि.नं. ८२३ को क्षेत्रफल ०-३-३-१ मेरो भागको जग्गा मैले भुकम्प पश्चात् घर निर्माण गरी बसिआएको हो । विपक्षीले भनेजस्तो कि.नं. ३५५ को जग्गा मेरो होइन । त्यस सम्बन्धमा मलाई थाहासम्म छैन मेरो नभएको जग्गामा मैले विपक्षीलाई के कति कसरी मिचिएको हो त्यो एकिन भन्न नसकेको विपक्षीले मलाई विपक्षी बनाई यस न्यायिक समितिमा दिएको उजुरी गैरकानुनी हुँदा बदर गरी विपक्षीले म विरुद्ध उजुरी दिई अन्याय गरेकाले न्यायिक निरुपण गरी पाउँ ।

२) मेरो घर बनेको जग्गाको मुल कि.नं. ४६९ बाट कित्ताकाट भई मेरो नाउँमा कायम रहेको कि.नं. ८२३ मा मैले कानुन बमोजिम प्राप्त गरी हाल मेरो नाममा रहेको र सोही जग्गामा भुकम्प पश्चात् घर भत्किएकोले घर निर्माण गरी बसिआएको कुरा समेत यस समितिसँग जानकारी गराउँदछु जहाँसम्म विपक्षीले मसँग सम्बन्ध नभएको कि.नं. ३५५ मेरो हकभोगको जग्गा नभई निजको कि.नं. २९७ को पश्चिम तर्फको जग्गा मिचेको भनि झुट्टा विवाद बनाई मेरो नाउँमा नभएको जग्गालाई मेरो नाउँको भनि मिच्दै नमिचेको जग्गा मिचेको भनि मलाई विपक्षी बनाई दिएको फिराद हकदैया विहिन भएकोले खारेज गरी पाउँ ।

३) यसरी विपक्षीले मलाई विपक्षी के कुन आधारमा बनाएका हुन् मसँग मेरो नाममा रहेको उक्त कि.नं. ८२३ को घर जग्गा मात्र छ। जुन पैत्रिक सम्पत्तिको हो। विपक्षीले भने बमोजिम कि.नं. ३५५ को जग्गाको सम्बन्धमा मलाई कुनै थाहा जानकारी नभएको र उक्त जग्गा मेरो नभएकोले विपक्षीलाई मैले जग्गा मिच्नेसम्मका काम के कसरी हुन्छ त्यस बारेमा सम्पूर्ण प्रमाण यस न्यायिक समितिले मलाई उपस्थित गराई बुझेको बखत सम्पूर्ण जानकारी हुने हुँदा म आफू विपक्षीले भनै बमोजिम उक्त कि.नं. ८२३ बाहेक अन्य कुनै पनि घर जग्गा मेरो नाममा नभएकोले विपक्षीले मलाई प्रतिवादी बनाउनु कानुन त नमिल्ने तथा जग्गा के कति खिचोला गरेको विषयमा विपक्षीले सम्बन्धित जिल्ला अदालतमा जानुपर्नेमा क्षेत्राधिकार नै नभएको र हकदैया नै नभएको व्यक्तिलाई विपक्षी बनाई दिएको उक्त निवेदन खारेज गरी पाउँ ।

४) अत: माथि उल्लेखित तथ्य प्रमाणको आधारमा कि.नं. ३५५ लाई विपक्षीले के कुन आधारमा मेरो हो भनि यस प्रकारको उजुरी गरेका हुन् त्यस तर्फ म प्रतिउत्तर प्रस्तुतकर्ता अनभिज्ञ हुँदा त्यस बारेको सत्य तथ्य प्रमाण विपक्षीबाटै बुझी साक्षी सर्जमिन समेत गरी गराई सत्य तथ्य एकिन गरी विपक्षीको अन्यायपूर्ण कार्यबाट फुर्सद दिलाई पाउँ भन्ने व्यहोराको प्रतिउत्तर जिकिर रहेको ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

- प्रमाणलाई मनन् गरी वादीले समावेश गरेकोबाट प्रष्ट हुन सकिएन ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

दुवै पक्षले कानुन व्यवसायी राखेका छैनन् ।

**दुवै पक्ष बिचमा फरक परेको विषय**

कि.नं. ३५५ को जग्गाधनिको सिमाना के कति हो ? भन्ने विषयमा मुख नमिलेको देखिन आयो ।

**निर्णय खण्ड**

प्रस्तुत विवादको सम्बन्धमा काठमाडौं जिल्ला, तीनथाना गा.वि.स. वडा नं. ९ साविक कि.नं. ६४ को जग्गा अंशवण्डाबाट कित्ताकाट भई कि.नं. २९७ को क्षेत्रफल जग्गा १-७-१-० कृष्णबहादुर थापाको नाउँमा आएंको र कि.नं. २९८ को क्षेत्रफल १-४-१-० जग्गा आत्माराम थापाको नाउँमा मिति २०४९/०३/०२ मा आएको देखिन्छ भने आत्माराम थापाको नाउँको कि.नं. २९८ को जग्गा कित्ताकाट भई कि.नं. ३०९ र ३५५ भई यस कित्ता जग्गा पनि कि.नं. ४६६, ४६८ र.नं. ४०७० मिति २०५३/११/२३ को हालैदेखिको वकसपत्रले कि.नं. ३०९, ३५५ बाट कित्ताकाट भई कि.नं. ४६६, ४६८ मोठ नं. १५ अजिता घिमिरेको नाउँमा गएको देखिन्छ र कि.नं. ४६७, ४६९ यसैमा बाँकी रहेको मिति २०५३/१२/०१ मा देखिन्छ । र.नं. ४०७३ मिति २०५३/११/२३ को संगोल नामाले कि.नं. ४६७, ४६९ को जग्गा कित्ता ठे.नं. १५ मा आत्माराम थापा, श्रीमती चिनु थापा, आशिष थापा र राजेन्द्र थापा जना ४(चार) को नाउँमा मिति २०५४ सालमा गएको देखिन्छ । कि.नं. ४६६ र ४६८ पटक पटक विभिन्न मितिमा विक्रिवितरण हुँदै गइरहेको देखिन्छ । विपक्षी राजेन्द्र थापाको नाउँमा कि.नं. ४६९ बाट कि.काट भई कि.नं. ८२३ को घरजग्गामा बसोवास गरिरहेको देखिन्छ । वादीले भोगचलन गरिरहेको कि.नं. २९७ साविक देखि हालसम्म यथावत कायम रहेको मिसिलमा संलग्न प्रमाणहरूबाट देखियो । उजुरीकर्ताको दावीमा सिमित रही निर्णय गर्नुपर्छ । न्याय सम्पादन पद्धतिको यो एउटा महत्वपूर्ण पक्ष हो । साथै यो न्यायिक आत्मसंयमको सिद्धान्तको एक प्रमुख आधार पनि हो । यसलाई न्यायको एउटा मान्य सिद्धान्तको रुपमा यस समितिले मानिआएको छ र यसबाट विमुख हुनुपर्ने कुनै कारण र औचित्य नभएकाले दावीको कि.नं. ३५५ को जग्गा कित्ताकाट भई विभिन्न व्यक्तिका नाममा कायम रहेको हुँदा यी प्रतिवादीसँग मात्र छलफल गरी मेलमिलाप गराउने प्रयास गर्दाको कुनै औचित्य नहुँदा सीमा नाघेर आफै विवादको सिर्जना गरी वा औचित्यको तर्क दिएर न्यायिक समितिले दावी नगरिएको कुरामा वा तहतह हुँदै विक्रीबाट अन्य व्यक्तिमा हक हस्तान्तरण भई गएको जग्गा दावीको जग्गाको स्वामित्व नै नरहेको देखिदा दावीभन्दा बाहिर गएर निर्णय गर्न नमिल्ने भनि ने.का.प. २०७६ अंक ९ नि.नं. १०३६३ मा *"तहतह हुँदै विक्रीबाट अन्य व्यक्तिमा हक हस्तान्तरण भई गएको जग्गा न्याय निरुपण गरी फिर्ता गराउने अधिकार क्षेत्र न्यायिक समितिलाई रहेको देखिदैन । साथै दावीको जग्गाको स्वामित्व नै नरहेको व्यक्तिलाई छलफल गर्न झिकाई मेलमिलापको प्रक्रियाद्वारा विवादको निरुपण गर्न नहुने"* प्रतिपादन भएको सिद्धान्त समेतका आधारमा न्यायिक समितिको क्षेत्राधिकार विहिन उजुरी खारेज हुने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

क) उजुरीकर्तालाई निर्णयमा चित्त नबुझे ऐनको म्याद ३५ (पैतिस) दिन भित्र श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनि पुनरावेदनको म्याद दिनु।..........................१

ख) सरोकारवाला पक्षले नक्कल माग गरेमा नियम अनुसार दिनु। ................................. २

ग) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार गरी अभिलेख शाखामा बुझाईदिनु। ......................................................................................... ३

न्यायिक समितिका

संयोजक श्री लिशा नकर्मी

सदस्य
श्री माधव के.सी.

सदस्य
श्री सुरेन्द्र के.सी.

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

गणेश खत्री

कम्प्युटर टाइप गर्ने
चिरञ्जीवी खड्का

कानुनी सहजकर्ता
निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७७ साल माघ महिना २९ गते रोज ०५ शुभम् .....................................